–कोरोना भाइरसको संक्रमणको त्रासलाई द.कोरियाली रोजगार तथा श्रम मन्त्रालयले यसरी सामना गर्ने छ–

# कार्यस्थल परिवर्तनको निवेदन दिएका विदेशी कामदारको कार्यस्थल खोज्ने अवधि बढाइएको बारे सूचना

कोरोना भाइरसको संक्रमण बढ्नुका साथै यस रोग संक्रमणको स्थिति 'अति जोखिम'सम्म पुगेको छ। **रोजगार स्थल परिवर्तनको निवेदन दिएका विदेशी कामदारहरुको काम खोज्ने अवधि निश्चित हुने भएकोले नयाँ काममा लाग्न अलि गाह्रो हुने अनुमान** गरिएको छ। त्यसैले **रोजगार स्थल परिवर्तनको निवेदन दिएका विदेशी कामदारको** काम खोज्ने अवधि **एकैपल्ट अप्रिल ३० सम्म बढाउने** निर्णय गरिएको छ।

कामको खोजीमा रहेका विदेशी कामदारहरुले यसलाई ध्यानमा राखी केहि समयको लागि रोजगार सेन्टर आउने र काम खोज्नको लागि विभिन्न क्षेत्रमा जाने कार्य रोक्नु हुनेछ भनि आशा राखेका छौं।

**१. कार्यस्थल परिवर्तनको निवेदन दिएर काम खोजी रहेका विदेशी कामदारको काम खोज्ने अवधि रोजगार सेन्टरबाट एकैपल्ट बढाइने छ।**

- कामको खोजीमा रहेको विदेशी कामदारको बाँकि रहेको काम खोज्ने अवधि **फेब्रुअरी २~अप्रिल ३०को अवधि जति** बढाइने छ।
- **सम्बन्धित रोजगार सेन्टरबाट अझ विस्तृत जानकारी पाउन सक्नु हुनेछ।**

**२. रोजगार सेन्टर जाने र अरु ठाउँमा जाने कार्य रोक्नु हुनेछ भनि आशा राखेका छौं।**

- सकेसम्म रोजगार सेन्टर जानबाट रोक्नुहोस्। काम भएमा इन्टरनेट (EPS वेबसाईट www.eps.go.kr), फ्याक्स तथा फोन, आदिको प्रयोग गर्नु हुनेछ भनि आशा राखेका छौं।
- काम खोज्नको निमित्त भएपनि सकेसम्म विभिन्न क्षेत्रमा जाने कार्य रोक्नु हुनेछ भनि आशा राखेका छौं।
- भाषा अनुवादन, आदि साधारण परामर्शको निमित्त फोनमार्फत परामर्श लिनु हुनेछ भनि आशा राखेका छौं।

**माननीय रोजगार तथा श्रम मन्त्री**